निर्णयहरू:-

१. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ४५४३, मिति २०७७-०३-२२ को पत्रमार्फत स्वास्थ्य र सुरक्षाका न्यूनतम मापदण्ड पालना गर्ने गराउने तर्फ बेवास्ता गर्ने क्रम बढ्दै गई कोभिड-१९ को संक्रमण, जोखिम बढ्दै गएको सन्दर्भमा सम्पूर्ण संयन्त्रको प्रभावकारी परिचालन गरी जनस्वास्थ्य र सुरक्षा मापदण्ड कडाई पूर्वक पालना गर्ने, गराउने, मास्कको प्रयोग अनिवार्य गराउने र अटेर गर्नेहरू उपर संक्रामक रोग ऐन, २०२० बमोजिम कडाई पूर्वक कारवाही गर्ने गराउने व्यवस्थालाई प्रभावकारी बनाउनु हुन भनी लेखी आएको हुँदा जिल्लाभित्र अनावश्यक आवतजावत र भिडभाड नगर्न/नगराउन, बाहिर निस्किनु पर्ने अवस्थामा न्यूनतम २ मिटरको सामाजिक दूरी कायम गर्न, अनिवार्यरूपमा मास्क र सेनिटाइजरको प्रयोग गर्न सम्पूर्ण मकवानपुर वासीमा अनुरोध गर्ने । साथै, सेवा प्रदायक निकाय वा संस्थाले पनि स्वास्थ्य र सुरक्षाका न्यूनतम मापदण्ड अनिवार्यरूपमा पालना गर्ने/गराउने व्यवस्था मिलाउन अनुरोध गर्ने । यस विपरितका क्रियाकलापहरू भए/गरेको पाईएमा तत्काल नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम कारबाहीको दायरामा ल्याउने ।

२. अनावश्यक आवतजावत र भिडभाड नगर्न/नगराउन, बाहिर निस्किनु पर्ने अवस्थामा न्यूनतम २ मिटरको सामाजिक दूरी कायम गर्न, अनिवार्यरूपमा मास्क र सेनिटाइजरको प्रयोग गर्न लगायतका स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू अनिवार्यरूपमा पालना गर्ने, गराउने सम्बन्धमा सूचनामूलक सन्देशहरू प्राथमिकताकासाथ प्रचार प्रसार गर्न सबै स्थानीय तहहरूलाई जिल्ला समन्वय समिति, मकवानपुरमार्फत अनुरोध गर्ने ।

३. श्री कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाडौंको प.सं. ०७६/७७/९४, मिति २०७७-०३-२३ को पत्रमार्फत कोभिड-१९ रोगको उपचारको लागि Hospital Preparedness अन्तर्गत जिल्लाभित्रका स्वास्थ्य संस्थाहरूको विवरण माग भई आएको सन्दर्भमा उक्त विवरण स्वास्थ्य कार्यालय, मकवानपुरमार्फत कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाडौंमा पठाउने ।

०७७/३/२४

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी